# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १७

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री मिनेन्द्र प्रसाद रिजाललाई समय दिनुहुँदा उहाँले सेक्युरिटी प्रिन्टीङ्ग प्रेस खरिद प्रक्रियामा ७० करोड बराबरको भ्रष्टाचार, नेपाल ट्रष्टका भवन र जग्गा यति होल्डिङ्गलाई दिएको विषय, बालुवाटार जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पारेको प्रभाव, वाइड बडी जहाज खरीद प्रक्रियामा भएको घोटाला सम्बन्धमा हालसम्म छानविन नसकिएको, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मात्र खरबौंको भ्रष्टाचारको कुरा आएको, प्रधानमन्त्रीको जन्मदिनमा देखिएको तामझामले पुराना राजाहरुलाई पनि ईर्ष्या लागेको, पार्टीको झगडा मिलाउन संविधान संशोधन गर्न लागिएको लगायतका विषयहरुमा सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु हुँदै यी विषयहरुमा सदनले प्रधानमन्त्रीको जवाफ चाहेको छ भन्नुहुँदै प्रमुख प्रतिपक्ष सदन सुचारु गर्ने कुरामा सहमत भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रमुख प्रतिपक्ष दलले उठाएको विषयका सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिले छानविन शुरु गरिसकेको र सरकारको समेत ध्यानाकर्षण भएको हुनुपर्ने भन्नुहुँदै सो विषयतर्फ सरकारको गम्भिर ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त मा० श्री सरिता गिरीले सरकार आफै भ्रष्टाचारमा लिप्त रहेको, सञ्चार तथा सूचना प्रविधि मन्त्रीको राजीनामा पछि मात्र ढिलो गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गरेको, नेपाल टेलिकममा पनि यति होल्डिङ्ग कम्पनीको संलग्नतामा भ्रष्टाचार भएको, स्थानीय पूर्वाधार साझेदारीको माध्यमबाट सम्पूर्ण सांसदहरुलाई भ्रष्टाचार गर्न प्रेरित गरिएको, कमिशनतन्त्रको नियन्त्रण गर्न स्पष्ट कानुन बनाउनु पर्ने, यी सम्पूर्ण विषयहरुमा सम्माननीय प्रधानमन्त्रीबाट जवाफ आउनुपर्ने र सरकारबाट जवाफ नआए यस्ता विषयहरुको छानविन गर्न संसदीय छानविन समिति गठन हुनुपर्ने भन्नुभयो ।

तत्पश्चात मा० श्री प्रमोद साहले मधेशीवादी दल र सशस्त्र विद्रोहमा रहेका थुप्रैसँग पटक पटक सम्झौता गरी संविधान संशोधनको प्रतिवद्धता गरेपनि नभएको तर एउटा व्यक्तिलाई केन्द्रमा राखेर संविधान संशोधन गर्न लागिएको विषय मान्य नहुने, सरकारका मन्त्रीहरुले नै भ्रष्टाचारलाई प्रश्रय दिने काम गरेको विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनलाई जवाफ दिनुपर्ने भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री डिला सँग्रौला (पंत)
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री दीपक प्रकाश भट्ट
५. मा० श्री देवप्रसाद गुरुङ
६. मा० श्री देवप्रसाद तिमलसेना
७. मा० श्री देवेन्द्र राज कंडेल
८. मा० श्री धर्माशीला चापागाई
९. मा० श्री नन्दलाल रोका क्षेत्री
१०. मा० श्री नवराज सिलवाल
११. मा० श्री पार्वता डि.सी. (चौधरी)
१२. मा० श्री पार्वती कुमारी विशुन्के
१३. मा० श्री पुष्पा भुसाल (गौतम)
१४. मा० श्री प्रकाश रसाईली (स्नेही)
१५. मा० श्री प्रदिप यादव
१६. मा० श्री प्रमिला राई

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भीमबहादुर रावल
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री शेरबहादुर तामाङ
४. मा० श्री सञ्जय कुमार गौतम
५. मा० श्री रामसहाय प्रसाद यादव
६. मा० श्री गजेन्द्र बहादुर महत
७. मा० श्री उमा रेग्मी
८. मा० श्री रामकुमारी चौधरी
९. मा० श्री प्रमोद साह

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय सञ्चार तथा सूचना प्रविधि र सहरी विकास मन्त्री गोकुलप्रसाद बाँस्कोटाले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा निजले सम्हाल्दै आउनुभएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार माननीय अर्थमन्त्री डा० युवराज खतिवडाले र सहरी विकास मन्त्रालयको कार्यभार माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

मिति : २०७६/११/८ (डा० हरि पौडेल)
सचिव

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उनन्तीसौं वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री नवराज सिलवाल
३. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
४. मा० श्री गजेन्द्र बहादुर महत

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ७० रहेकोले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री दिव्यमणि राजभण्डारी
४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
५. मा० श्री उमेश श्रेष्ठ
६. मा० श्री रेनुका गुरुङ्ग
७. मा० श्री गजेन्द्र बहादुर महत
८. मा० श्री घनश्याम खतिवडा
९. मा० श्री सञ्जय कुमार गौतम
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री रंगमती शाही

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री अतहर कमाल मुसलमानले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ५८ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर अर्को बैठक आजै १५ मिनेटपछि बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटपछि बस्नेगरी स्थगित भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी २०७६ साल फागुन १४ गते बुधबार दिनको १:०० बस्नेगरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव